म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ४२ २०८० पुस १४ गते शनिबार 30 December 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

'आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं' ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सात मुख्यमन्त्रीको हेटौंडा भेलाको ९ बुँदे निर्णय

# अघिल्लो निर्णय कार्यान्वयन गर्ने संघीय सरकारलाई आग्रह गर्ने



बैठकमा सहभागी सात प्रदेशका मुख्यमन्त्रीहरु ।

समाज संवाददाता

हेटौंडा: देशका सातै प्रदेशका मुख्यमन्त्रीको हेटौंडामा शुक्रबार बसेको बैठकले अघिल्लो निर्णयहरु शीघ्र कार्यान्वयन गर्न संघीय सरकार समक्ष माग गर्ने निर्णय गरेको छ। २०८० साल असार १६ गते गण्डकी प्रदेशको राजधानी पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठकले गरेका महत्वपूर्ण निर्णयहरु कार्यान्वयनमा संघीय सरकारलाई जोडदार अनुरोध गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री समक्ष अनुरोध गरिएका निर्णयहरु शीघ्र कार्यान्वयन नभए थप दबावमूलक संघर्षका कार्यक्रम गर्न बाध्य हुने निर्णय बैठकले गरेको छ ।

पोखरामा भएको राष्ट्रिय समन्वय परिषद्को बैठकले तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन गर्ने, तीनै तहबाट प्रदान गरिने अनुदानको दोहोरोपना हटाउने, एउटै प्रकृतिको कामका लागि स्थापना भएका अलग-अलग संरचना हटाउने, तीन तहका सरकारबीच विकास आयोजनामा दोहोरोपना हटाउने एवम् तादाम्यता कायम गर्ने, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य गर्ने, जनशक्ति व्यवस्थापन र सेवा प्राह, राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली विकास गर्ने एवम् जग्गा प्राप्तिमा सहजता कायम गर्ने लगायतका विषयमा भएका निर्णयहरु ६ महिना बितिसक्दा पनि उत्साहजनक नदेखिएको भन्दै मुख्यमन्त्रीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाललाई उक्त निर्णयको प्रभावकारी कार्यान्वयन गर्न माग गर्ने निर्णय गरेको छ ।

पोखरामा भएको बैठकले असार १५ गते पनि प्रधानमन्त्री पुष्पकमल दाहाललाई १७ बुँदे साझापत्र बुझाएको स्मरण गराउँदै प्रहरी समायोजन गर्ने, संघीय निजामति सेवा एने जारी गर्ने, प्रदेशले प्रयोग गरिरहेको सरकारी भवन र जग्गाको स्वामित्व हस्तान्तरण गर्ने, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य गर्ने, राष्ट्रिय वन लगायतका प्राकृतिक स्रोतको उपयोग एवम् राजश्व बाँडफाँट, वित्तीय हस्तान्तरण, सवारी चालक अनुमतिपत्र र सवारी साधन कर/शूल्कसम्बन्धी सफ्टवयर प्रणाली प्रदेशबाट नै गर्ने, ट्राफिक नियम उल्लंघन जरिवाना वापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गर्ने, आयोजना वर्गीकरण र व्यवस्थापन लगायतका विषयहरुको शिघ्र कार्यान्वयनका लागि पुन: अनुरोध गर्ने निर्णय बैठकले गरेको छ।

बैठकले मधेश प्रदेश सरकारले प्रधानमन्त्री समक्ष २०८० साल कात्तिक २३ गते प्रस्तुत गरेको ध्यानाकर्षणपत्र र मधेश प्रदेश सभाले पारित गरेको संकल्प प्रस्ताव बमोजिमका माग पूरा गर्न ऐक्यवद्धतासहितको अनुरोध गर्ने निर्णय गरेको छ ।

## प्रहरीद्वारा अवैध प्याज र ट्रक जफत

समाज संवाददाता

हेटौंडा: जिल्ला प्रहरी कार्यालय बाराले ९ लाख रुपैयाँ मूल्यको अवैध प्याजसहित ट्रक नियन्त्रणमा लिएको छ । बिहीबार प्रहरी चौकी पथलैयाबाट खटिएको विशेष प्रहरी चेकिङ्ग टोलीले सुरक्षा जाँच गर्दा अवैध प्याज फेला पारेर बरामद गरेको हो। बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१, पथलैया चोकबाट प्रहरीले ना ६ ख २६२५ नम्बरको ट्रकबाट करिब १८ टन प्याज बरामद गरेको छ। बरामद गरिएको प्याजको मूल्य ९ लाख ३१ हजार रुपैयाँ रहेको प्रहरीको भनाइ छ । अवैध प्याज र ट्रक नियन्त्रणमा लिई थप अनुसन्धानका लागि राजस्व कार्यालय पथलैयामा बुझाएको प्रहरीले जानकारी दिएको छ ।

## कटुवा पेस्तोलसहित २ जना पक्राउ




समाज संवाददाता

हेटौंडा: मकवानपुरको मनहरी गाउँपालिका-९ बाट प्रहरीले कटुवा पेस्तोलसहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-२ का २६ वर्षीय लाल कुमार तितुङ र १९ वर्षीय ज्ञान बहादुर स्याङ्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बिहीबार बेलुका ५ बजेर ३० मिनेटको समयमा मनहरीबाट खटिएको प्रहरी टोलीले हरियाली सामुदायिक वनमा खरङ्गाबाट राक्सिराङ आउँदै गरेको बा ४१ प २८१८ नम्बरको मोटरसाइकललाई रोकी सुरक्षाजाँच गर्दा कटुवा पेस्तोल बरामद गरेको थियो । प्रहरीले मोटरसाइकलमा सवार तितुङ र स्याङ्तानको साथबाट कटुवा पेस्तोल १ थान र बारुद भरेको २ वटा फलामको खोका बरामद गरेको जनाएको छ । दुवैजनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

बधाई एवम् शुभकामना




हेटौंडा-४, कर्रास्थित श्रमिक माविको ५८औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी, एवम् अभिभावकमा हार्दिक बधाई एवम् आगामी दिनमा विद्यालयको शैक्षिक एवम् भौतिक विकासमा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ए.बी. ग्रुप अफ इन्जिनियरिङ प्रालि परिवार
हेटौंडा, मकवानपुर

# सातै प्रदेशका मुख्यमन्त्री मानवसेवा आश्रममा

समाज संवाददाता

हेटौंडा: देशका सातै प्रदेशका मुख्यमन्त्रीहरु मानवसेवा आश्रमको हेटौंडास्थित मुख्यालयमा पुग्नुभएको छ। मुख्यमन्त्रीहरुको समन्वय बैठकमा सहभागी हुन बिहिबार साँझ हेटौंडा आइपुग्नुभएका मुख्यमन्त्रीहरु आश्रमका अभियन्ताको निमन्त्रणामा शुक्रबार बिहान साढे ९ बजेको समयमा हेटौंडा-९, लामसुरेधापस्थित मानवसेवा आश्रमको मुख्यालय पुग्नुभएको थियो ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की, मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्ली बहादुर चौधरी, कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मा र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले एकसाथ आश्रमको अवलोकन गर्नुभएको हो ।

मानवसेवा आश्रमका अभियन्ता हुमनाथ पौडेलका अनुसार सातै प्रदेशका मुख्यमन्त्रीहरुले मानवसेवा आश्रमको मुख्यालयको अवलोकन गरी प्रभावित हुनुभएको छ । सातै मुख्यमन्त्रीले मानवसेवा आश्रमको अभियानमा साथ, सहयोग र सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको आश्रमका अभियन्ता पौडेलले बताउनुभएको छ। मुख्यमन्त्रीहरुले करिब ३० मिनेटको समयमा आश्रमको अवलोकन गरी फर्कनुभएको थियो ।

२०६९ सालमा हेटौंडाबाट सुरु गरिएको मानवसेवा आश्रमले मानवसेवाको अभियानमार्फत २०८१ सालभित्र देशका सातै प्रदेशलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त देश घोषणा गर्ने लक्ष्य लिएको छ । हालसम्म कर्णाली प्रदेश र गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त प्रदेश घोषणा गरिसकेको छ । मानवसेवा आश्रमले सात प्रदेशका १९ जिल्लामा २४ वटा आश्रम सञ्चालन गरिरहेको छ । २४ वटा आश्रममा एक हजार सात सय आश्रित छन्। मानवसेवा आश्रम सञ्चालनमा आएको एक दशकभन्दा बढी अवधिमा नौं हजार पाँच सय भन्दा बढीको उद्दार गरिसकेको छ भने चार हजार भन्दा बढीलाई परिवारमा पुनर्मिलन गरिसकेको छ ।

मेला हेर्न
बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०
हेटौंडा आऔं
पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर
स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०



मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा
आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

# स्वदेश मै परदेसिएका बा

कथा



भूमिराज पौडेल

चिसो बढी बढी हुँदै गएको थियो । घर छेउका बासघारीमा चराहरु सुत्ने तरखरमा थिए। बासघारीको छेउको डाँडामा सिरसिर हावा चलिरहेको थियो। डाँडाबाट पछाडि फर्केर हेर्दा बुढा भएका बा गोठमा गाइबस्तुलाई घासपानी गरेर फर्कदै थिए अनि आमा भित्र भान्सामा खाना बनाउने तयारीमा । त्यस्तै केही मानिस पिठिउँमा डोको, घाँस, दाउराको भारी बोकी घरतर्फ आउँदै थिए। अनि घरमा भएका रेडियो सुनेर बसिरहेका थिए ।

पर्वतको बाजुङमा मेरो घर ! त्यहाँ बाले पढाउने बेलासम्म जहिले प्रथम, द्वितीय हुन्थेँ । मेरा बा १२/१३ क्लास पढेका अरे, आफुले पढ्दै पढाउँदै गरेका कारण मेरा बालाई जस्ले पनि मास्टर भन्ने रैछन् । त्यसैले आजसम्म बाको नाम पनि मास्टर छ। त्यो समयमा टाढा गएर जागिर खानु भनेको मास्टर हुनु रैछ भन्ने गाउँलेको धारणा ।

औसीको रात, पुस महिनाको समय, घाम डुबिसकेका थिए । जुन देखिएको पनि थिएन। मानिस र जुनमा पनि एउटा भिन्नता रैछ जुन अस्ताएपछि फेरि उदाउन सक्छ तर मानिस अस्ताएपछि उदाउनु तेस्तै हो ! जुन अस्ताएर मिर्मिरका तारा झरेर गएपछि नै बिहानको सुरुवात हुने त हो ! भुपी सेरचन ले भनेको जस्तो

*"हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए*
*बन्दैन मुलुक दुइचार सपूत मरेर नगए"*

गाउँमा दुई तिरबाट खोला बग्छ । दुबै खोला बगेर तलतिर एकै ठाउँमा मिसिएको छ । अनि त्यहाँ गहिरो ताल बनेको छ । जहाँ हामी साना साना हुँदा पौडी खेल्न जान्थ्यौं । म सानो हुँदा मैले मेरि आमालाई सोध्थेँ आमा बाबा खोइ ? आमाले घर छेउको डाँडामा गई दुई खोली सलल बगेको देखाउँदै भन्थिन्, "तेरो बा उ त्यो खोलाको तिरैतिर हुँदै परदेश गएका छन् अस्ति फोनमा अब छिट्टै घर आउँछु भनेको पनि सुनेको थिएँ ।" त्यस्ता अस्ति कति गए कति तर बा आजसम्म परदेशबाट फर्कनन् । केही बर्षपछि परदेशबाट बा फर्के परदेशबाट फर्केका बाले मलाई आशिष दिँदै भने, "मैले जसरी परदेशिएर जागिर खानु नपरोस् । तैँले पढेको यहि नै काम लागोस् भगवान ।"

यत्तिकैमा बालाई प्रश्न गरेँ, "बा किन परदेशी हुनु भएको अनि परदेशी भनेको के नि ?"

"परदेशी हुने रहर त कसलाई हुन्छ र बाबू, गरिबी र बेरोजगारीको हतकडी फुकाउने उद्देश्यले म जस्ता कयौं मानिस जाने ठाउँ नै परदेश हो जहाँ उनीहरुको दुख, पीडा, पीर, ब्यथाहरु मेरो भन्दा कम नहोला तर फरक भने अवश्य छ। जहाँ पलपल जन्मभूमि, घर-परिवार र छोराछोरी को यादमा बग्ने यो आँसुको महत्व बुझ्ने मानिस कोहि हुँदैन। यहि नै परदेश हो। सम्झनाले जति सताए पनि बिछोडको पीडाले जति तडपाए पनि भावनारुपी दियोमा कल्पनारुपी आशाका दीप जलाउँदै घरको सम्झना, भरोसा र आशामा बाँच्ने ठाउँ परदेश हो ।"

म सानै हुँदा बा परदेशिएको कुरा मैले आमाबाट थाहा पाएँ । मैले मेरा बालाई म जान्ने बुझ्ने भएदेखि देख्न पाएको थिइनँ । जब म जान्ने बुझ्ने भएँ, तब मेरा बालाई देख्न पाउँदा खुसी थिएँ अनि उत्सुक पनि । किनकी मेरा बा कस्ता थिए अनि कस्ता छन् मैले देखेको थिइन। मलाइ यत्ती थाहा थियो कि मेरा पनि बा रैछन् म पनि बा को सन्तान रैछु ।

अस्ति आमासँग अब छिट्टै घर आउँछु भनेको कुरा एक कान दुई कान गर्दै मैदानसम्म फैलिएछ। गाउँभरी हल्ला भयो बा घर आउने पक्का भयो। बा घर आउने भएपछि घरको ढाँचा पनि त्यहिअनुसार फेरियो । घरको सल्लाहअनुसार आमाले ढोकाको दैलोमा अम्खोरामा जल राखिन् । आँगनको डिलमा भएको सयपत्री फुलको बोटबाट फुल टिपेर ल्याइन् । अनि अम्खोरामा हालिन् । फुलछेउमा दुबो पनि राखिन् । दुबोलाई बहुउपयोगी झार पनि मानिन्छ । पुजापाठमा दुबो अनिवार्य हुन्छ । दुबोको आयुर्वेदमा खास महत्व छ। यो जहाँ पनि सजिलै पाइन्छ। धेरैजसो औषधीय गुणका वनस्पती दुर्लभ हुन्छन्। तर दुबो जताततै पाइन्छ । दुबोको यहि विशेषताका कारण बनिएको हो । "दुबो जस्तो मौलाओस् ।" आमाले घरलाई चारैतिरबाट रंगीन बनाइन् । मैले पनि घरलाई धेरैपछि रंगीन देखेँ। आमा मुस्कुराएको मैले कहिल्यै पनि देखेको थिइनँ । त्यो पल आमाको मुहारमा एक किसिमको चमक देखेँ । आमाको ओँठ खुसीले नाचिरहेको थियो ।

आमाले यता घरको काम गर्दै थिइन् । म बाको प्रतीक्षामा थिएँ । बा आउने बाटातिर हेरेर बसिरहेको थिएँ । ती खोला नालाले बालाई कति बेला स्वागत गर्ला भनी डाँडाको छेउमा आउँदै हेर्दै गरिरहेको थिएँ । तर अहँ झमक्कै साझ पऱ्यो। चराचुरुङ्गी बास बस्न डाँडा छेउको बासघारीमा आइपुगे । भ्याउँकिरी कराउन थाले । तर बा आएनन् । म निराश हुँदै घर आएँ। घर आउँदा सबैको मुहारमा खुसी थियो । केही समयपछि घरबाट देखिने तलको बाटोमा चार वटा लाइटहरु एकैसाथ एकैबाटो बाल्दै आएको देखेँ । मैले एकोहोरो लाइट बालेको मात्रै हेरे दोबाटोमा आएपछि ती लाइटहरु दुईतिर बाँडिए। दुइवटा मेरो गाउँतिर अनि दुइवटा पल्लो गाउँतिर । अलि नजिक आएपछि दुबै जनामा मेरा बा को होलान् भनी अनुमान गरेँ । दुबै घरको आँगनमा आइपुगे । मैले अनुमान गरेँ पक्कै पनि मेरा बा अगाडि आएका हुनुपर्छ । आफू जान्ने बुझ्ने भएपछि पहिलो पटक बालाई देख्दै थिएँ । बाले आएर हजुरबुबालाई ढोगे, अनि बालाई आमाले ढोगिन, मैले बालाई ढोगेँ। बर्षौंपछि परदेशबाट आएका बाले आशिष दिँदै मलाइ भने, "म जसरी मेरो छोरो परदेश जान नपरोस् । मैले पढाई दिएको, लेखाई दिएको छु । उसले सोचेको सबै पुऱ्याइदेउ भगवान ।"

बा आएपछि घरका सदस्यको अनुहार खुसी भयो। आमा खुसी भइन्। तर बा आए पनि आमाको दुख घटेन । आफू जलेर सन्तानलाई खुसी दिइरहेकी छिन् आमा । मैले देखे बाको निधार माथी गहिरो दाग । त्यो दाग बाले जिम्मेवारी बोक्दा बोक्दै बसेको गह्रौ जिम्मेवारीको दाग थियो । मैले मेरा बा त जिम्मेवारीको भरिया पो रैछन् भन्ने सोचेँ । बाले परदेशमा जिम्मेवारीको भारी बोक्ने रैछन् ।

आज म घरबाट टाढा छु । पढ्न आएको छु । मेरो यहाँसम्मको यात्रामा बा-आमाको सपना अनि मेरो बिपना जोडिएको छ । "बा तपाईंलाई सम्बोधन गर्ने त मसँग कुनै शब्द नै छैन तपाइँलाई सधैं बुबा भनेर बोलाउन पाइराखुँ । शारीरिक रुपले टाढा भए पनि आत्मियता गाढा छ हजुरको कारण म यो स्थानमा छु । हजुरको मुहारमा सधैभरी खुसी छाओस्। बाँकी दुख, कस्ट, रोग, पीर, ब्यथा म आफैं बुझौंला, अनि सहौंला पनि। तर बाबा तपाईंको निधारको जिम्मेवारीको दाग एक दिन अवश्य मेट्ने छु ।

*मोदि गाउँपालिका-५, पर्वत*

## चित्रकला





**दिपासना थापा**
कक्षा:- १०, जिएस निकेतन, हेटौंडा-५





**समृद्धि श्रेष्ठ**
कक्षा-२, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





**सुयोग श्रेष्ठ**
कक्षा-४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

# "घमण्डको फल"

कथा



हार्दिक पण्डित

एकादेशमा एउटा शहर थियो । त्यो शहरमा राम नामको एउटा मान्छे बस्थ्यो । रामको एउटा छोरा थियो र बुढी थिएन् । रामले एउटा ठेला राखेको थियो । रामले ठेलामा फलफूल बेच्थ्यो। उनीहरुले ठेलाबाट आएको पैसा खानलाई प्रयोग गर्थ्यो । रामको छोराको नाम गौरव थियो । गौरवलाई पढ्न धेरै मन लाग्थ्यो । रामसँग पैसा नहुनाले छोरा गौरवको सपना पूरा गर्न सकेन् । राम ठेला लिएर एउटा अफिस नजिक पुग्यो । त्यहाँ दुई चार जना मान्छे फलफूल किन्न गयो । रामले– उनीहरुलाई भन्यो, हजूर यो अफिसमा काम गर्नु हुन्छ हो ।

उनीहरुले भन्यो "हो तर तिमीले किन सोधेको" होइन मेरो छोरालाई पढ्न मन लाग्छ तर पैसा नभएकाले पढाउन सक्दिन । उनीहरुले भन्यो हो र त्यसो भए तिमी विद्यालयमा जाउ अनि छोराको एडमिसन गराउ । रामले भन्यो अनि पैसा लाग्छ नि । उनीहरुले भन्यो सरकारले गरिबको छोराछोरीलाई पढाउन कोटा दिन्छ । रामले धन्यवाद दिएर भन्यो ल त भोलि गएर छोराको एडमिसन गर्छु । भोलिपल्ट छोरा गौरवलाई यो कुरा भन्दा खुसी भयो । अनि गौरव विद्यालय पढ्न जान थाल्यो । गौरवलाई पहिलो दिनमा शिवम भन्ने केटाले गरिब भनेर जिस्काउँथियो । गौरवलाई त्यो

*दिन बित्दै जाँदा गौरव कक्षामा प्रथम भयो र श्यामले दोस्रो गऱ्यो । अब त शिवमलाई गौरव र श्याम देखि धेरै रिस उठ्थ्यो । अब उनीहरुको पढाई सक्यो र उनीहरु जागिर खोज्न एउटा अफिसमा गएर त्यहाँ इन्टरभ्यु दिइरहेका थिए ।*

कुराको केही मतलब थिएन तर शिवमलाई गौरव मन पर्दैन थियो । गौरव घर आइसकेपछि बुवाले सोध्यो "कस्तो भयो तिम्रो पहिलो दिन" । गौरवले शिवमको भनेन र भन्यो त्यो विद्यालय कति ठूलो थियो र त्यहाँका साथीहरु पनि धनी थिए । दिन बित्दै गयो । गौरवको एउटा नयाँ साथी बन्यो । त्यो साथीको नाम श्याम थियो । श्याम र गौरव धेरै राम्रोसँग पढ्थ्यो । उनीहरुलाई हेरेर शिवम धेरै रिसाउँथ्यो । दिन बित्दै जाँदा गौरव कक्षामा प्रथम भयो र श्यामले दोस्रो गऱ्यो । अब त शिवमलाई गौरव र श्याम देखि धेरै रिस उठ्थ्यो । अब उनीहरुको पढाई सक्यो र उनीहरु जागिर खोज्न एउटा अफिसमा गएर त्यहाँ इन्टरभ्यु दिइरहेका थिए । श्याम अर्को ठाउँमा जाँगिरको लागि गयो । गौरव र शिवम एउटा अफिसमा गए । पहिला शिवमलाई बोलायो र सोध्यो तिमीले यो जागिर पायो भने देशको लागि के के गर्छौ ? शिवमले भन्यो पहिले त ठेलामा केही समान बेच्न दिदैंन, अनि विद्यालयमा गरिबको लागि कोटा राख्न दिन्न र गरिबको लागि एउटा सानो घर बनाइदिन्छु । शिवम खुसी थियो किनभने उसको बुवा धनी थियो र उसले अफिसमा मान्छेलाई पैसा देखाएर लोभमा पार्ने अनि आफैँ जागिर लिने विचार गरेको थियो । त्यसपछि गौरवलाई बोलायो अनि त्यही प्रश्न सोध्यो । उसले भन्यो गरिब होस् या धनी सबैको लागि एउटा राम्रो विद्यालय बनाउँने, गरिबहरुलाई महिना पिच्छै चामल, दाल, तरकारी आदि बाड्ने र सबै गरिब जसले ठेलामा सामान बेच्छ उनीहरुको लागी पसल बनाउने । गौरवको कुरा सुनेर त्यहाँ बसेका मान्छेहरु खुशी भए र शिवमले देखाएको पैसा नलिएर गौरवलाई जाँगिर दिए र एक दिन गौरव ठूलो मान्छे बन्यो र शिवम आफ्नै बुवाको अफिसमा सघाउँ थियो । एकदिन शिवम् घुम्न जाँदा एउटा धेरै महङ्गो गाडी देख्यो र त्यसमा बसेर फोटो खिच्न थाल्यो । अनि गौरव आयो भन्यो "खोइ हट त्यहाँ मेरो ड्राइभर गाडी चलाउँन गइरहेको छ" भन्दा शिवमले भन्यो "गरिब तेरो गाडी हो यो" । त्यही पनि गौरवले केही बोलेन अनि छोड् भन्यो । शिवमले अहिले पनि गरिब भनेर जिस्काइ रहेको थियो, त्यसबेला उसको बाबा आएर "नमस्ते सर भन्यो ।" अनि शिवमले भन्यो यो गरिबलाई किन नमस्ते भन्नु भएको । उसको बाबाले यो सर यो शहरको सबैभन्दा ठूलो मान्छे हो । उहाँको हो अफिस चलिरहेको छ । अनि गौरवले भन्यो कहिले पनि अरुलाई जिस्काउँनु हुँदैन, सबै मान्छे नै हुन् । हामीले अरुलाई दुखमा सहयोग गर्दा हामीलाई पनि उनीहरुले गर्छन् । धनको घमण्ड देखाउनुहुँदैन । म नहुँदा तिम्रो बुवालाई अफिस चलाउँन मिल्दैनथ्यो । किनभने उहाँको अफिस माथि धेरै ऋण थियो । सबै ऋण तिर्न मैले मद्धत गरेको हो ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

## विद्यार्थी जीवन



करिस्मा रोकाया

मलाई धेरै प्यारो लाग्छ
जीवनभरमा विद्यार्थी जीवन
विद्यार्थी जीवन सम्झँदा
प्रसन्न हुन्छ मेरो मन

प्यारा प्यारा शिक्षकहरु
प्यारा सबै साथीहरु
पढ्दै, लेख्दै अघि बढ्छौं
यसमै रमाउँछौं हामीहरु

धेरै साथ धेरै याद
भएको सम्बन्ध हो यो
जसलाई समयले साथी भनी
चिन्ने मौका दियो

कुसंगतमा नलाग बिग्रन्छ हाम्रो जीवन
विद्या नै ठुलो हो जीवनको धन

*कक्षा-८, ज्ञानदा मावि हेटौंडा-१०*

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**
समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

## गाउँखाने कथा

१. सेतो–सेतो खोरियामा कालो–कालो बिऊ हातले छर्ने मुखले टिप्ने, के हो नाम लिऊ ।
- अक्षर (लेखेपढेको)

२. कुच्चिएको भाँडोभित्र मीठो फल ।
- ओखर

३. खोलमा बसेको, पगरी कसेको ।
- चिउरी

४. हुल बोकी हिँड्छ डुल्छ, हुन्छिन् एउटी रानी, जम्मा पार्छन डुलीडुली गुलियोको खानी ।
- माहूरी

५. पाउ लागे मान–सम्मान इज्जत नै बढ्ने, शिरमा पर्न गयो भने भाको इज्जत घट्ने ।
- जुत्ता/चप्पल

# मेरो बालापन



**✍ हृदयांश न्यौपाने**

रमाइलोमा बित्यो मेरो बालापन,
घुम्दै बित्यो मेरो बालापन,
खेल्दै बित्यो मेरो बालापन,
नयाँ कुरा सिक्दै बित्यो मेरो बालापन,
आमा बाबाको मायामा बित्यो मेरो बालापन,
रमाइलोमा बित्यो मेरो बालापन ।

*कक्षा-१, नवोदय शिशु सदन, हेटौंडा-४*

# तिम्रो हाँसो तिम्रो खुसी फर्कने छ



**✍ कृष्णकुमार वैद्य**


आँसुको भेलमा
रगतको आहालमा
दुःख, पीडा र शोकमा
आततायी कथित युद्धमा
जीवन मरणको सङ्घर्षमा छौ ।

धुलाम्मे छ सारा बस्ती
खण्डहर भयो भवनहरू
यत्रतत्र अलपत्र छन् लासहरू
कात्रोमा बेर्न पनि भ्याइनभ्याई भो
अत्यन्त बीभत्स दृश्य हेर्न बाध्य छौ ।

सधैं टिक्दैन त्यो दुष्ट
जल्लाद युद्ध पिपासुहरू
तिम्रो आँसु र रगतको टाटोले
एकदिन बदला लिएरै छाड्ने छ
तिम्रो हाँसो तिम्रो खुसी फर्कने छ ।

*बनेपा-९, काभ्रे*

# आमा



**✍ मारिया लामा**

आमा, मामु, ममी, मोम
नाम त अनेक छन् तिम्रो
तर, आस्था भने एउटै
आमा संसारमा पुजिन्छ

उनलाई पहिलो भगवान भनिन्छ
उनी सबैभन्दा शक्तिशाली बत्ति
उनको शक्ति छ कति कति
उठेर घरधन्दा गर्छौ पहिले

खान भने खान्छौ अन्तिम जहिले
दुःखमा दिन्छौ सधै हात
सुखमा दिन्छौ सधै साथ
उनी नै हुन आमा मेरी आमा ॥

*कक्षा-७, ज्ञानदा मावि, हेटौंडा-१०*

# मेरो विद्यालय



**✍ रेविका अर्गाली**

रातोमाटे गाउँमा छ मेरो विद्यालय
हामी सबै पढ्न आउँछौ राम्रो विद्यालय
जनजागृति माध्यमिक हो मेरो विद्यालय
हरियाली बीचमा छ मेरो विद्यालय ॥

विद्यालयमा प्रार्थना गरी गीत गाइन्छ ॥
सबैजना मिलिजुली पढ्न गइन्छ ॥
साना साना भाइबहिनीलाई पढ्न सिकाइन्छ
पढ्ने काम सकेपछि लेख्न लगाइन्छ ॥

*कक्षा-७, जनजागृति मावि, हेटौंडा-१५*

# कोपिलाहरु



**✍ निमिशा निरौला**

असमानता र विकृतिको संसारमा
लगाएका छन् ती कलिला कोपिलाहरुले
न्यायको गुहार
स्तब्ध छन् आज
फक्रिएर जाज्वल्यमान भविष्य निर्माण गर्छु भनेका
ती कोपिलाहरू


लुछेर फालिँदै छ तिनका सपनाहरू
निमोठ्दै छन् तिनलाई आफ्नो तृष्णाका लागि
अनि
प्रयोग गर्दैछन् तिनलाई साधनका रूपमा
कोही चढाउँदै छन् तिनलाई मन्दिरमा लगी
त कोही, फाल्दै छन् ती कोपिलाहरूलाई गर्भबाटै
कोही फक्रन दिँदैनन् ती कोपिलाहरूलाई
स्वतन्त्र भई

सायद,
सायद,
उनीहरू पनि डरमा छन्
ती प्रेमीरूपी भमराहरूको
जो प्रहार गर्न सक्छन् एसिडहरू
ती कोपिलाहरु माथि प्रेमको नाउँमा
तर,
तर,
कति चुप बस्ने अब
ती कोपिलाजस्ता चेलीहरु
कहिलेसम्म बाँधिने छाउपडी, देउकी र झुमा प्रथामा
कहिलेसम्म सहने
दाइजोको निहुँमा हिंसा
र
सुन्ने विधवा हुँदा बोक्सी
आखिर कहिलेसम्म कुर्ने
यो पुरुषप्रधान देशमा साम्यवाद

अब उठ्नुपर्छ कोपिलाहरू र लड्नुपर्छ आफैं
अनि हटाउनुपर्छ हृदयको सन्त्रास
फक्रिनुपर्छ अब
हिजाब र घुम्टाहरूमा
काँडैकाँडा बीचको विकृतिपूर्ण संसारमा
अनि
उखाल्नुपर्छ पक्षापातका जराहरू
घरबाट
र
प्रत्येक, कोपिलालाई फक्रन नदिने मनसायबाट

*कक्षा-९, जीएस निकेतन मावि, हेटौंडा-५*

# सम्झना



**✍ सरोजप्रसाद साह**

देखेका ती सपना खरानी बनाएँ
खरानी तापेर रात बिताएँ
यो चञ्चले यो रात, यो तन, यो मन,
सम्झना ! सम्झना !! सम्झना !!!



धड्केको यो मुटुलाई, जिउँदै जलाएँ
बिहानीलाई पनि सन्ध्या बनाएँ
यो घायल, यो मुटु, यो धुँवा, यो आगो,
मिलेर जलाएँ, खरानी बनाएँ, मिलेर जलाएँ
सम्झना ! सम्झना !! सम्झना !!!

यदि भेट्यो भने सोध्छु हे ईश्वर !
किन बनायौ?
बनायौ देह, मुटु सजायौ
फुटाउन लगायौ, जलाउन लगायौ
सम्झना ! सम्झना !! सम्झना !!!

मिलेका ती खुसी, माटोमा मिलाएँ
देखेका, ती सपना, खरानी बनाएँ
यो खुसी, यो सपना, यो दृश्य, यी आँखा
मिलेर फसाए, ठगेर रूवाए, जागेर सताए
सम्झना ! सम्झना !! सम्झना !!!

# म



**✍ पुजा चौधरी**

म कवित होइन
तर कविता लेखन प्रयास गर्न सक्छु ।
संसारमा भएका सबै भाषा नजानौंला
तर थाहा भएको भाषाको प्रयोग सही ढँगले गर्न सक्छु ।

मैले चाहेका सबै कुरा पाउन नसकुँला
तर मसँग भएका कुराहरुमा खुसी रहन्छु,
देखे छन् होला मानिसले ममा कहाँ तर
म सांसारलाई उज्यालो पार्ने एउटा अनमोल ज्योति बन्न सक्छु ।

म एउटा सामान्य विद्यार्थी हुँ,
झोलामा कापी, किताब र कलम बोकेर विद्यालय जान्छु,
गुरुले भनेको सबै कुरा नजानौंला
तर गुरुको सम्मान गर्न जान्छु

उहाँको आँखामा राम्रो बन्न आफ्नो जीवन उज्यालो पार्दै
उहाँका सम्पूर्ण आज्ञा आदरपूर्वक गर्छु,
सबैका लागि म राम्रो नहुँला
तर तिमीलाई मन परिदिन सक्छु

आमा, बुवा आफु भन्दा ठुला सबैको आदर गर्छु
त्यसैले त भन्छु विद्यार्थी हुँ विद्यार्थी

*कक्षा-७, जनजागृती मावि, हेटौंडा-१५*

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: बन्दव्यापार अनुकूलता त देखिँदैन तथापि आकस्मिक रुपमा धनप्राप्तिको सम्भावना भने देखिनु चुनौतिका बाबजुत नसोचेको काम बन्न सक्ने छ । अप्रत्यासित ढंगले सहयोग गर्ने व्यक्तिहरु होलान् । सामाजिक एवम् धार्मिक क्षेत्रका काममा सरिक भइने छ । प्रतिद्वन्द्धीहरु परास्त होलान् । हरेक समस्याको समाधान गर्न सकिने छ । धनवैभव जम्मा पार्न सकिने योग छ । भेटघाटमा समय बित्ला ।

**वृष राशि**: हैसियतमा वृद्धि हुने समय छ । हाँके/ताकेका र चिताएका कामहरु सम्पन्न हुनेछन् । विचार विमर्श र छलफलमा समय व्यतित होला । सदस्यहरुले सहयोग गर्ने छन् । सामाजिक एवं धार्मिक तथा तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुन सक्छ । दुर्घटना वा अपमानका कारण मनोबलमा कमी आउला । प्रतिष्ठा र व्यवसायिक स्तरोन्नतिमा चालेको कदम ठिकै रहला । पढाइ ठिकै छ ।

**मिथुन राशि**: व्यक्तिगत खुशी र सुख सुविधाका लागि केही रकम खर्च होला । आर्थिक दृष्टिकोणले सुधारको समय छ । सम्पर्क र सम्बन्धको दायरा फराकिलो होला । वैवाहिक प्रस्ताव आउन सक्ने छ । आनन्दप्रति मनको आकर्षण बढ्ला । कार्यक्षेत्रमा बोली र कामको कदर हुने समय छ । व्यापारमा अठोट र निर्णयमा सफलता मिल्ला । अध्ययन–अध्यापन ठिकै रहने समय योग रहेको छ ।

**कर्कट राशि**: समय मिश्रित छ । यात्रा योग र भेटघाटमा समय व्यतित होला । धार्मिक तथा सामाजिक क्रियाकलापमा समय व्यतित होला । वनभोजका कार्यक्रममा सरिक भइने समय छ । नयाँ काम तथा स्वरोजगारका लागी उत्तम समय छ । गुमेको वा सापटीमा गएको धन हात लाग्ला । प्रतिष्ठा र पुरस्कार प्राप्तिको योग छ । प्राज्ञिक क्षेत्रमा समेत राम्रो समय योग छ ।

**सिंह राशि**: आम्दानीमा खासै कमी आउने समय छैन । दूरदराजबाट धनागम हुन सक्छ । पुरानो कमाइ हात लाग्न सक्छ । आलस्य त्यागेर उत्साहपूर्वक काम गर्ने समय हो । ऋणसापटी वा लेनदेनमा बाहिरिएको धन फिर्ता हुने छ । आर्थिक पक्षका काममा भने बाधक बन्ने समय छ । महत्वकांक्षा त्यागी अगाडि बढ्ने समय छ । दोधारेपन देखिने समय छ । सोच्दै नसोचेको शिक्षादीक्षाबाट लाभ प्राप्त हुनेछ । धार्मिक कार्य होला ।

**कन्या राशि**: शरीरमा स्वस्थता र मनमा उत्साह भएको समय छ । प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुन सकिने छ । विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्ने छ । कर्मक्षेत्रमा व्यस्त रहने समय छ । विवादस्पद जिम्मेवारी वहन गर्नुपर्ने छ । परिश्रमले काममा सफलता प्राप्त होला । धार्मिक तथा सामाजिक काममा सरिक भइने समय योग छ । अध्ययन–अध्यापनका काममा समय व्यतित हुने समय योग छ ।

**तुला राशि**: काममा द्विविधा आइपर्न सक्छ, त्यसैले जान्ने बझ्नेको राय लिनुपर्ला । अभिभावकको आज्ञा अनुसार अगाडि बढ्दा राम्रो हुनेछ । फाइदामूलक कामको योजना बनाउने समय छ । आशावादी बनेर काम गर्दा राम्रो । दायित्व र जिम्मेवारी थपिने समय योग छ । पठनपाठनमा ध्यान केन्द्रित नहुन सक्छ । शारीरिक तन्दुरुस्ती र आरामका बारेमा बिचार गर्नुपर्ला । कार्यक्षेत्रका बारेमा जानकारी बटुल्नुपर्ला ।

**वृश्चिक राशि**: नसोचेको ठाउँमा आर्थिक लाभ हुनेछ । प्रेमजीवन र पारिवारीक सम्बन्धमा आत्मीयता बढ्नेछ । इष्टमित्रको शुभकामना र सहयोग प्राप्त हुनेछ । धार्मिक, सामाजिक एवं साँस्कृतिक काममा रुचि बढ्ने छ । रोकिएका कामहरु सम्पन्न हुनेछन् । कर्मप्रति समर्पित भइने छ । पढाइ– लेखाइ वा काममा समय व्यतित होला । स्वास्थ्य स्थितिप्रति ख्याल राख्दा राम्रो ।

**धनु राशि**: शरीरमा थकान र उत्साहमा कमी आउने समय छ, तथापि आफूलाई सक्दो प्रसन्न बनाउन प्रयास गर्नुपर्ला । व्यापार–व्यवसाय ठिकै छ । समस्यालाई चाँडो समाधान गर्नुपर्ला । कार्यक्षेत्र र प्रशासनिक कामकाजमा जोखिम राख्नु हुँदैन । दायित्व र कर्तव्यप्रति सचेत हुनुपर्ला । विद्यार्थीहरु मनोरञ्जनमा केन्द्रित हुनाले पढाइ–लेखाइमा आघात । धार्मिक यात्रा योग रहने समय छ ।

**मकर राशि**: भावनाप्रधान समय छ । आत्मीय मित्रसँग एकान्तमा बसेर रमाइएला । दाम्पत्य जीवन रमणीय बन्ने छ । कार्यक्षेत्रमा पनि सोचे भन्दा राम्रै प्रतिफल मिल्नेछ । व्यापार–व्यवसाय मध्यम छ । परिवर्तनबाट आनन्दको अनुभूति समेत हुनेछ । मन फुरुङ्ग र हलुका भएको महशुस प्राप्त होला । धार्मिक सामाजिक र अध्ययन अध्यापनका काममा समय व्यतित होला ।

**कुम्भ राशि**: पुरुषार्थी कामले समाजमा स्थापित भइने छ । रोकिएका कामहरु प्रयासले निकास पाउँला । प्रतिस्पर्धीहरु पराजित होलान् । मुद्धामामिलाका काममा विजय प्राप्त होला । छटपटी र निराशाको  अन्त्य हुने समय छ । वैदेशिक प्रयोजनका काममा गम्भीर बनिने छ । अहंकार र महत्वकांक्षा त्याग गर्दा राम्रो । पढाइ–लेखाइ मध्यमकारक छ ।

**मीन राशि**: कसैप्रति आकर्षक बनिएला । भावनामाथि नियन्त्रण गर्दा समुचित होला । बुद्धिकौशलको प्रयोगले काममा पूर्णता होला । अकर्तव्य र लक्ष्यहीन बन्नु हुँदैन । जिम्मेवारी र हार्दिकताका बीचमा सन्तुलन राख्न प्रयास गर्नुपर्ला । पढाइ–लेखाइ मध्यमकारक छ । धार्मिक कृत्यमा र सामाजिक काममा सरिक भइने समय योग छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# हेटौंडामा राष्ट्रपति रनिङ शिल्ड सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुक्रबार सुरु भएको छ । उपमहानगरपालिकाभित्रका माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको उद्घाटन आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समिम खानको सभाध्यक्षतामा तथा नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको हो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले पालिकास्तरीय प्रतियोगितामा सहभागी हुने सबै विद्यार्थीहरुमा शुभकामना व्यक्त गर्नुहुँदै नगर पालिकाले खेलकुदको विकासका लागि विभिन्न कार्यक्रहरु गर्दै आएको बताउनुभयो ।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले विद्यार्थीहरुको खेल कौशलता र कला प्रदर्शनी गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरेकोमा हेटौंडा उपमहानगरपालिकालाई धन्यवाद व्यक्त गनुभयो। अध्यक्ष खड्गीले प्रतियोगितामार्फत् खेलाडीहरु जिल्लाबाट प्रदेश हुँदै राष्ट्रियस्तरीयमा छनोट हुने विश्वास व्यक्त गर्नुभयो ।

जिल्लास्तरीय प्रतियोगिता प्रथम र द्वितीय हुने खेलाडीहरुलाई प्रदेशस्तरीय प्रतियोगितामा सहभागी गराउन १५ दिन बन्द प्रशिक्षणमा राख्ने उहाँको भनाइ छ। आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समिम खानले प्रतियोगिता आयोजन गर्ने सम्पूर्ण जिम्मेवारी आधुनिक माविलाई दिएकोमा खुशी व्यक्त गर्नुभयो ।

प्रतियोगितामा उपमहानगर पालिकाभित्रका १९ वटा वडाका विद्यालयबाट करिब ६ सय जना विद्यार्थीहरुको सहभागिता रहेको छ । शुक्रबार भएको मार्चपास प्रदर्शनीतर्फ गोरक्षनाथ माध्यमिक विद्यालय प्रथम, सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय र वंशगोपाल माध्यमिक विद्यालय तृतीय भएको छ । प्रदर्शनीतर्फ प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले ५ हजार रुपैयाँ, ३ हजार रुपैयाँ र २ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

शनिबारसम्म सञ्चालन हुने प्रतियोगितामा भलिबल, कराँते, एथ्लेटिक्स, तेक्वान्दो, उसु, कबड्डीलगायत खेलहरु हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीले क्रमशः स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिता आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाबाट ५ लाख रुपैयाँ प्राप्त भएको छ । राष्ट्रको लागि खेलकुद स्वास्थ्यको लागि खेलकुद भन्ने नाराका साथ २०७६ सालबाट पालिकास्तरीय प्रतियोगिताको आयोजना हुँदै आएको छ। पालिकास्तरीय प्रतियोगिताका हरेक खेलमा प्रथम र द्वितीय हुनेलाई जिल्लास्तरीय प्रतियोगितामा समावेश गराइनेछ ।

### खेलकुद महोत्सवमा महिला भलिबल प्रतियोगिता सुरु

# उद्घाटन खेलमा सशस्त्र प्रहरी विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी खेलकुद तथा व्यापार महोत्सवमा महिला भलिबल प्रतियोगिता सुरु भएको छ। शुक्रबारबाट सुरु भएको महिला भलिबल प्रतियोगिताको उद्घाटन खेलमा सशस्त्र प्रहरी बल (एपीएफ) विजयी भएको छ।

हेटौंडा-१० स्थित टिसिएन चौरमा भएको खेलमा एपीएफले विजयी सुरुवात गरको हो । एपीएफले नेपाल आर्मी क्लबलाई ३-० को सोझो सेटले पराजित गरेको छ । एपीएफले नेपाल आर्मीलाई क्रमशः २९-२७, २५-१९ र २५-१८ ले पराजित गरेको हो ।

प्रतियागितामा ५ वटा समूहको सहभागिता रहेको छ । लिग चरणमा सञ्चालनमा भएको प्रतियोगिता सोमबार सम्म हुनेछ। प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँ र उपविजेता टिमले एक लाख रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, सेमिफाइलन खेलमा पराजित हुने टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान र मकवानपुर जिल्ला भलिबल संघको आयोजनामा प्रतियोगिता सञ्चालन भएको हो। प्रतियोगितामा जिल्ला खेलकुद विकास समितिको सहकार्य र हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोग रहेको छ।

शुक्रबार हुने भनिएको चन्द्रागिरी नगरपालिकाको न्यू डाइमण्ड र नेपाल पुलिस क्लबबीचको खेल समय अभावका कारण स्थगित गरिएको छ । मकवानपुरका भलिबल कोच पुष्प मैनालीका अनुसार ५ समूहले एक अर्कासँग अनिवार्य खेल्नुपर्छ भने स्कोरका आधारमा समूह फाइनलमा जानेछन् ।

प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले गर्नुभएको थियो। प्रतियोगिताको उद्घाटनमा जिल्ला भलिबल संघका अध्यक्ष बसन्त सिटौला, केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानका अध्यक्ष प्रताप बिष्ट, प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिना र जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाको उपस्थिति रहेको थियो । प्रतियोगिताका प्रमुख अतिथि बानियाँले उपमहानगरपालिकाले खेलाडी उत्पादनको लक्ष्य लिएको बताउनुभयो ।

# ज्योति माविको ५७ औँ वार्षिकोत्सव सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीमा रहेको ज्योति माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) ले ५७ औँ वार्षिकोत्सव सम्पन्न गरेको छ । विद्यालयको वार्षिकोत्सवको अवसरमा विद्यार्थीहरुले सांस्कृतिक प्रतिभासमेत प्रस्तुत गरेका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्क रम्तेलको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा हेटौंडा-१८ का वडा अध्यक्ष अनिलकुमार बानियाँको विशिष्ट आतिथ्य र राष्ट्रिय परीक्षा बोर्ड, हेटौंडाका कृष्ण घिमिरे विशेष आतिथ्य रहेको थियो। विभिन्न विद्यालयका प्रधानाध्यापक, पार्टी प्रतिनिधि, टोल विकास संस्था प्रमुख, सामुदायिक वन उपभोक्ता समिति अध्यक्ष, सहकारी अध्यक्ष, पूर्व विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विभिन्न संघसंस्था प्रमुखलगायत उपस्थिति रहेको थियो ।

विद्यालयले वार्षिकोत्सवको अवसरमा विभिन्न कार्यक्रमहरु गरेको थियो । विद्यालयले रक्तदान र विद्यार्थीहरुद्वारा विषयगत शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रम गरेको थियो। विद्यालयले १० र १२ को परीक्षामा शतप्रतिशत नतिजा दिलाउन सफल शिक्षक, उत्कृष्ट कार्य गर्ने शिक्षक, विद्यालयले सञ्चालन गरेको खेलकुद प्रतियोगितामा उत्कृष्ट विद्यार्थी र विद्यालयको विभिन्न परीक्षामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

# विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, चिसापानीस्थित लक्ष्मी आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ। शुक्रबार हेटौंडा-५ का वडा अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयले २१ जना विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण गरेको हो ।

विद्यालयले हेटौंडा-१५ मा रहेको दिब्यसेवा निकेतनको सहयोगमा २१ जना विद्यार्थीलाई ४५ हजार रुपैयाँ बराबरका सामग्री हस्तान्तरण गरेको छ। विद्यालयले जेहेन्दार तथा गरिब विद्यार्थीलाई आवश्यकताअनुसार विद्यालयको पोशाक, जुत्ता, झोला, स्टेशनरी सामान र कलम वितरण गरेको हो । विद्यार्थीलाई दिब्यसेवा निकेतनका संस्थापक समरक्षक तिलराज निरौलाले सामग्री हस्तान्तरण गर्नुभएको हो ।

विद्यालयका प्रधानाध्यापक रामहरि मैनालीका अनुसार सामग्री हस्तान्तरण नियमित वार्षिक कार्यक्रम हो। दिब्यसेवा निकेतनलले विद्यार्थीलाई पहिलेदेखि नै सहयोग गर्दै आइरहेको छ। शुक्रबार विद्यालयले कक्षा एकका ३ जना, २ का एकजना, ३ का ४ जना, ४ का ३ जना, ५ का ४ जना, ६ का २ जना, ७ का ३ जना र कक्षा ८ का एकजनालाई सामग्री हस्तान्तरण गरेको हो। विद्यालयमा नर्सरीदेखि कक्षा ८ सम्म ३ सय ४६ जना विद्यार्थी अध्यनरत छन् भने १३ जना शिक्षक रहेका छन् ।

## जेसीआई हेटौंडा लेडीमा सजिता

समाज संवाददाता

हेटौँडाः जेसीआई हेटौँडा लेडीको अध्यक्षमा सजिता केसी निर्वाचित हुनुभएको छ। शुक्रबार हेटौँडामा सम्पन्न साधारणसभाबाट सर्वसम्मत सजिता अध्यक्ष चयन हुनुभएको हो । यस्तै कार्यकारिणी उपाध्यक्षमा सरस्वती केसी थिङ र नम्रता श्रेष्ठ चयन हुनुभएको छ भने उपाध्यक्षमा रन्जु पुडासैनी, पबित्रा (मिना) गुरुङ, सलोनी बाटाजु र सुनिता लुईटेल चयन हुनुभएको छ । जेसीजको अन्य पद मनोनित हुनेछ। जेसीजमा एक वर्षे कार्यकाल रहनेछ ।

श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिको

२० औं साधारणसभा तथा अधिवेशनसम्बन्धी सूचना

श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समितिको कार्यसमिति बैठकबाट यही मिति २०८० साल पौष २८ गते शनिबार दिनको ११ बजे **२० औं साधारणसभा तथा अधिवेशन** गर्ने निर्णय भएकोले आजीवन सदस्य ज्यूहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

अध्यक्ष
**श्री भुटनदेवी मन्दिर व्यवस्थापन तथा धार्मिक पर्यटन विकास समिति**
हेटौँडा-१०, मकवानपुर

बधाई एवम् शुभकामना




हेटौँडा-४, कर्रास्थित श्रमिक माविको ५८औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी, एवम् अभिभावकमा हार्दिक बधाई एवम् आगामी दिनमा विद्यालयको शैक्षिक एवम् भौतिक विकासमा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

ए.आर. ग्राफिक्स परिवार
हेटौँडा-४, मकवानपुर

विद्यार्थी पुस्तक पसल परिवार
हेटौँडा-४, स्कूलरोड

सम्पूर्ण युनिफर्म
हेटौँडा-४, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

जनहीतमा जारी सन्देश

घटना दर्ता गरौं'

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, बिवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु लगायतका घटनाहरु समयमै वडा कार्यालयमा उपस्थित भई घटना दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

जुना दाहाल
वडा अध्यक्ष तथा
११ नम्बर वडा कार्यालय परिवार

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नवीन सिग्देल
वडा अध्यक्ष तथा
४ नम्बर वडा कार्यालय परिवार

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ